ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

# यशोधरा नाटकमा सामाजिक-सांस्कृतिक नारी उत्पीडन

**गीता सापकोटा**
**अनुसन्धानकर्ता**
gitasapkota025@gmail.com

*अध्ययनसार*

*प्रस्तुत आलेख 'यशोधरा नाटकमा सामाजिक सांस्कृतिक नारी उत्पीडन' शीर्षकमा सङ्गठित रहेको छ। नारीका समग्र मुद्दाहरूलाई समेटेर विकास भएको नारीवादले नारी उत्पीडनका विविध आयामलाई आफ्नो अध्ययनको क्षेत्रमा समेट्न सक्छ। यस वादका अनुसार नारीमाथि हुने उत्पीडन एकनासको नभई सम्बन्धित देशको सामाजिक संरचना, कानुनी व्यवस्था, अर्थ व्यवस्था, प्रशासन साथै प्रथा प्रचलनका रूपमा छिपेर पनि विकसित भइरहेको हुन्छ। यी विविध आयाममा नारीमाथि हुने शारीरिक, मानसिक र भावनात्मक यातनालाई नारीवादी अध्ययनले नारी उत्पीडनका रूपमा हेर्न सकिने आधार दिन्छ। सोही आधारमा हुँदा अध्ययनलाई नारी उत्पीडन र साहित्यको नाट्यविधासँग सम्बन्धित अन्तरविषयक अध्ययनका रूपमा प्रस्तुत गरिएको छ। नारीले भोग्नु परेका विभिन्न किसिमका उत्पीडनमध्ये मूलतः सामाजिक-सांस्कृतिक उत्पीडनको केन्द्रीयतामा यशोधरा नाटकको अध्ययन विश्लेषण गरी निष्कर्षण गरिएको छ।*

**मुख्य शब्दावली** : नारीवाद, पितृसत्ता, अधीनस्थ, उत्पीडन, प्रथा-प्रचलन, घरेलुहिंसा।

## विषयपरिचय

*यशोधरा* (२०६५) नाटक शारदा सुब्बाद्वारा लिखित नारीवादी चेतनामा आधारित नाटक हो । यस नाटकमा बुद्धकालीन समय इसापूर्व छैटौं शताब्दीदेखि वर्तमानकालीन समयावधिसम्म पनि नारीहरू विभिन्न किसिमले उत्पीडनको सिकार बनिरहेको घटनालाई प्रस्तुत गरिएको छ। यस क्रममा बुद्धपत्नी यशोधरा, आधुनिक युगका नारीद्वय अनामिका र युवती पात्र सामाजिक सांस्कृतिक उत्पीडन, यौन उत्पीडन र आर्थिक उत्पीडनको सिकार बनेका छन् । प्रस्तुत आलेखमा *यशोधरा* नाटकमा विभिन्न समयसन्दर्भमा नारीमाथि भएका विभिन्न किसिमका उत्पीडनको अध्ययन गर्ने क्रममा नारीवादअन्तर्गत अध्ययन गर्न सकिने नारी उत्पीडनका विभिन्न पक्षहरूमध्ये सामाजिक सांस्कृति उत्पीडनको अध्ययन विश्लेषण गरिएको छ।

विश्व परिवेशमा पछिल्लो समय विकसित विभिन्न वादहरूमध्ये नारीवाद त्यस्तो राजनीतिक एवम् सामाजिक सांस्कृतिक आन्दोलन हो, जसले पितृसत्तात्मक सामाजिक संरचनाभित्र शोषित, पीडित र दमित अवस्थामा खुम्च्याइएका नारीहरूको अवस्थामा परिवर्तन गरी स्वतन्त्रता र समानतामूलक समाजको निर्माणका पक्षमा वकालत गर्दछ। पितृसत्तात्मक शासनपद्धतिले नारीमाथि भएका अन्याय अत्याचारले नारीहरू सदियौँदेखि उत्पीडनको सिकार बनिरहेका परिप्रेक्ष्यमा यस्ता उत्पीडनको अवस्थाको खोजी गर्दै त्यसका विरुद्ध आवाज उठाउनु र समानताका पक्षमा वकालत गर्नु नारीवादको प्रमुख उद्देश्य रहेको छ । नारीवादी मूल्य र मान्यताअनुसार पितृसत्ता नारीमाथि पुरुषको शासन हो । यस्तो पितृसत्तात्मक शासन पद्धतिमा पुरुष केन्द्रमा रही उसैको चाहना र हितअनुकूल शासन सत्ता सञ्चालन भइरहेको हुन्छ। त्यसैले नारीहरू उनीहरूकै प्रधानतामा अधीनस्थ बनिन्छन् र नारीमाथि शासन जमाउने निहुँमा पुरुष सधैँ प्रभुत्वशाली बनिरहेको हुन्छ । वास्तवमा पितृसत्तात्मक समाजले विश्व समाजमा महिलाहरूलाई र महिलाले पनि पुरुष मनोविज्ञानकै आडमा महिलामाथि सामाजिक, सांस्कृतिक, आर्थिक, यौनिक एवम् मनोवैज्ञानिक रूपमा शोषण गरिरहेका हुन्छन् । यस्तो शोषणका कारण नारीले मानसिक र शारीरिक रूपमा भोगेका भोगाइलाई यथार्थ रूपमा चित्रण गर्दै त्यसबाट मुक्तिका लागि सङ्घर्ष गर्ने सन्दर्भमा नारीवादले सक्रिय भूमिका खेलेको हुन्छ र नै नारी उत्पीडन नारीवादी अध्ययनको एक प्रमुख पक्ष बन्दछ। यसै प्रमुख पक्षको केन्द्रीयतामा रही यहाँ *यशोधरा* नाटकको विश्लेषण र मूल्याङ्कन गरिएको छ। यस अध्ययन विश्लेषणका लागि नारी उत्पीडनको सैद्धान्तिक अवधारणा तयार पारी सोही अवधारणाअनुसार सामाजिक-सांस्कृतिक उत्पीडनभित्र घरेलु हिंसाजन्य उत्पीडन र प्रथा-प्रचलनजन्य उत्पीडन जस्ता मुख्य दुई आधारमा *यशोधरा* नाटकको अध्ययन विश्लेषण गरी निष्कर्षण गरिएको छ।

प्रस्तुत आलेखमा शारदा सुब्बाद्वारा लेखिएको *यशोधरा* नाटकलाई नारी उत्पीडनका आधारमा अन्तरविषयक अध्ययन गरिएको छ । अध्ययनका क्रममा *यशोधरा* नाटकलाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ। नारी उत्पीडनसम्बन्धी सैद्धान्तिक पर्याधारका लागि विभिन्न विद्वान्‌द्वारा विभिन्न समालोचनात्मक ग्रन्थहरूमा व्यक्त तत्सम्बन्धी विचारलाई र विवेच्य कृति *यशोधरा*बारे भएगरेका समालोचनात्मक लेखहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ। यी सबै सामग्रीको सङ्कलन गर्न पुस्तकालीय स्रोत र अध्ययन पद्धतिको उपयोग गरिएको छ। यस अध्ययनमा यशोधरा नाटकमा प्रकट भएका नारी उत्पीडनका सामाजिक- सांस्कृतिक उत्पीडनभित्र घरेलु हिंसाजन्य उत्पीडन र प्रथा प्रचलनजन्य उत्पीडनलाई नारी उत्पीडनका पक्षका रूपमा विश्लेषण गर्ने क्रममा आगमनात्मक तर्कपद्धति र सिद्धान्तसापेक्ष निगमनात्मक विश्लेषण पद्धतिको प्रयोग गरी निष्कर्ष निकालिएको छ।

**सामाजिक सांस्कृतिक नारी उत्पीडनको सैद्धान्तिक अवधारणा**

'उत्पीडन' शब्दले कुनै व्यक्तिमाथि कसैले उसको निजी इच्छा विपरीत असहज क्रियाकलाप गर्ने, धम्क्याउने, अपमानजनक व्यवहार गर्ने, हातपात नै गर्ने वा गर्न खोज्ने, संवेदनशील अङ्गमा जबरजस्ती शारीरिक स्पर्श गर्ने र शारीरिक सम्पर्क गर्न खोज्ने जस्ता असहज क्रियाकलापबाट उत्पन्न शारीरिक, मानसिक र भावनात्मक पीडा भन्ने अर्थ दिन्छ। यस्ता पीडाजन्य कार्यहरूका माध्यमबाट सताउने कार्यलाई उत्पीडन विषयक चिन्तनले समेट्न सक्छ। नारी भएकै कारण समाजमा सामाजिक, सांस्कृतिक, शारीरिक, मानसिक र भावनात्मक, आर्थिक, यौनिक जस्ता विभिन्न रूपमा नारीले भोग्नुपर्ने समग्र पीडाजन्य भोगाइ नै नारी उत्पीडन हो । नारी उत्पीडन पुरुषप्रधान समाजले नारी वर्गमाथि गर्ने बहुमुखी शोषणको प्रभावका रूपमा प्रतिबिम्बित भएको हुन्छ। यस्तो उत्पीडनमा पुरुष प्रभुत्वको प्रभाव परेका नारीहरूले लैङ्गिक चेतनाका अभावमा नारीमाथि पनि उत्पीडन गरिरहेका हुन्छन् ।

नारी उत्पीडनका सन्दर्भमा व्यक्त मार्क्स र एङ्गेल्सको धारणा उल्लेख्य छ : 'पितृसत्ताको वस्तुगत र वैज्ञानिक व्याख्या गर्ने काम सबैभन्दा पहिला मार्क्सवादी दर्शनले नै गरेको हो । यसले संसारको सबैभन्दा पहिलो उत्पीडन नारीहरूमाथि नै भएको र यसको कारण समाज विकासको क्रमसँगै स्थापित भएको पितृसत्ता हो भन्ने मान्यता रहेको छ' (मार्क्स र एङ्गेल्स, सन् १९९८, पृ. ५०) । यस दृष्टिअनुसार नारी उत्पीडनको प्रमुख कारण पितृसत्ता भएको पुष्टि गर्दछ। आदिम युगमा सत्तामा भएका नारीहरूलाई समाज विकाससँगै विकसित पितृसत्ताले अधिकारहीन मात्र बनाएन, पुरुषको अधीनस्थ बनायो । यसका कारण नारीहरू उत्पीडनको सिकार बन्न थाले । नारीवादका सन्दर्भमा धारणा राख्ने क्रममा नारीवादले लैङ्गिक विभेदको अवस्थाको अध्ययन गरी विभिन्न समय र स्थानमा पितृसत्तात्मक समाजका कारण नारी उत्पीडन बनेको अवस्थाको अध्ययन विश्लेषण गर्छ भन्ने सन्दर्भमा व्यक्त अभिव्यक्ति यस्तो रहेको छ : *नारीवादले सीमान्त अवस्थामा रहेका र सत्तासम्बन्धबाट पर पुगेका महिलाहरूको अध्ययन गर्दछ। यसले महिला र पुरुषका भिन्नताको बोधको अवस्था र पितृसत्तात्मक समाजका कारण विभिन्न समय र स्थानमा हुने महिलाको दमित अवस्थाको अध्ययन गर्दछ* (मेनन, सन् २०१२ : पृ. ह) प्रस्तुत दृष्टिकोणले पनि नारीवाद नारी उत्पीडनको अवस्थाको अध्ययन गर्ने सिद्धान्त हो। यसले विभिन्न समय र स्थानमा महिलाहरूले पुरुषबाट भोग्नु परेका अन्याय अत्याचारलाई साहित्यिक कृतिमा कसरी चित्रण गरिएको छ र यसलाई प्रस्तुत गर्नका लागि नारीको उपस्थितिको अवस्था के कस्तो रहेको छ भन्ने विषयमा कृतिभित्र खोजी गर्ने काम नारीवादले गर्छ भन्ने सङ्केत गरेको पाइन्छ।

नेपाली परिवेशमा नारी उत्पीडनका विभिन्न अवस्थाका सन्दर्भमा विभिन्न विचारहरूमध्ये बलराम आचार्यको विचार स्मरणीय छ : खानपिनमा खटन, हिँडडुल गर्न बन्देज, कुटपिट, यौन शोषण, बलत्कार, जबरजस्ती करणी, यौनिक अङ्ग प्रदर्शन, यौन आग्रह, स्पर्श, बोक्सी प्रथा, एसिड छ्यापेर, मट्टितेल छर्किएर, यौनोच्छेदन गरेर, जलाएर आदि स्वरूपबाट महिलामाथि हिंसा गरिएको देखिन्छ (२०६१, पृ. २६) । प्रस्तुत दृष्टिले नारी हिंसाका क्रममा नारीमाथि भएका विभिन्न उत्पीडनलाई सङ्केत गरेको छ । यस विचारअनुसार नारीहरू घरायसी व्यवहार, प्रथा प्रचलन, सामाजिक, सांस्कृतिक सन्दर्भ जस्ता विविध क्षेत्रमा पुरुषद्वारा उत्पीडित बन्नु परिरहेको अवस्था छ भन्ने देखिन्छ।

पितृसत्ता पुरुषको शासन हो । यस्तो शासनले घरायसी र सामाजिक कामकाजमा प्रभाव पारिरहेको हुन्छ भन्ने सन्दर्भमा कमला भासिनको दृष्टिकोण यस्तो रहेको देखिन्छ :

पितृसत्ता भनेको पिता या 'कुलपति' (परिवारको बुज्रुक पुरुष) को सत्ता अथवा शासन हो । सुरुमा यस शब्दलाई एक खास किसिमको "पुरुष प्रधान परिवार" बुझाउन प्रयोग गरिन्थ्यो । यो एउटा यस्तो ठुलो संयुक्त परिवार हो जसमा एक बुज्रुक व्यक्ति सर्वेसर्वा हुन्छ । यस परिवारका कुलपतिको मुनि महिलाहरू, अन्य पुरुषहरू, बच्चाहरू र घरेलु नोकरचाकर सबै हुन्छन् ... परिवारको कामकाजमा र समाजको व्यवहारमा हामीमाथि हुने र गरिने भेदभाव, अपमान, नियन्त्रण, शोषण, व्यभिचार तथा हिंसा त्यही पितृसत्ताका विभिन्न रूप हुन् (सन् २०१४, पृ. १) ।

भासिनको प्रस्तुत दृष्टिमा पितृसत्तामा प्रभुत्वशाली पुरुषको शासन चल्छ र यस शासन व्यवस्थामा नारीहरू अपमान, शोषण, व्यभिचार र हिंसाको सिकार बनेका हुन्छन् भन्ने देखिन्छ । यस्तो शासन व्यवस्थाले नारीलाई समाजमा सामाजिक, सांस्कृतिक, यौनिक, आर्थिक, मनोवैज्ञानिकलगायत विभिन्न रूपमा उत्पीडन दिइरहेको हुन्छ ।

नारीले नारी भएकै कारण जन्मपूर्वदेखि मृत्युपर्यन्तसम्मको अवस्थामा समाजमा शारीरिक, मानसिक, व्यवहारिक यातना भोगिरहेका हुन्छन् । यस्तै यातना भोगाइका क्रमबाट उत्पन्न पीडालाई नारी उत्पीडन भनिन्छ । यस्तो उत्पीडन पितृसत्तात्मक सामाजिक संरचना भएका मुलुकहरूमा पुरुष र महिला दुवैले नारीमाथि प्रत्यक्ष र परोक्ष रूपमा गरिरहेका हुन्छन् । यसै सन्दर्भमा रमेशप्रसाद भट्टराईको दृष्टिकोण यस्तो रहेको छ : 'पितृसत्ता एउटा संरचना हो, जसमा पुरुषले नारीमाथि संस्थागत रूपमा दमन गरेको हुन्छ । यस आधारमा पितृसत्ता पुरुषद्वारा मात्र सञ्चालित नभई नारीद्वारा पनि सञ्चालित हुन्छ' (भट्टराई, २०६८ पृ. २६६) । पितृसत्ताभित्र पुरुषले नारीलाई समाजिक, सांस्कृतिक, आर्थिक, भौतिक, नैतिक आदि पक्षमा आफ्नो अधीनस्थ र वर्चस्व जमाउँछ र नारीलाई नारीमाथि यस्ता हैकम जमाउन सघाउ पुऱ्याइरहेको हुन्छ । नारी उत्पीडन कानुनी र आर्थिक रूपमा मात्र नभई सामाजिक सांस्कृतिक आधारमा बढी हुने देखिन्छ । यस सन्दर्भमा लर्बरले 'सामाजिक मूल्यको प्रभावका कारण पुरुषले महिलामाथि हिंसा र लैङ्गिक शोषण गर्दछ' (सन् २००५, पृ. २१८) भनेकी छन् । त्यसैगरी नारी जन्मँदै सामाजिक अपेक्षाअनुरूप नारी बनेकी होइन, सामाजिक संरचनाले क्रमशः नारी बनाएका सन्दर्भमा बुभाले भनेकी छन् : 'महिला जन्मदेखि नै महिला हुन्न, बरु बढेर महिला बन्दछे' (वुभा, २०७५, पृ. १५७) । यी धारणाहरूले पनि पितृसत्तात्मक सामाजिक संरचनाका कारण नारीहरू अधीनस्थ बनाइएको पुष्टि हुन्छ । नारी बढेर आफ्नो अस्तित्वका लागि महिला बनेकी होइन, पुरुष प्रभुत्वले ऊ महिला बनाइएकी हो । यस्तो व्यवस्थाले समाजमा नारी अस्तित्वको रक्षा होइन, उत्पीडनको सिकार बनेको सङ्केत मिलेको छ । यिनै उत्पीडन सामाजिक - सांस्कृतिक उत्पीडनअन्तर्गत प्रथा प्रचलनजन्य उत्पीडन र घरेलु हिंसाजन्य उत्पीडनअन्तर्गत पर्दछन् । यसै उत्पीडनजन्य पक्षका आधारमा यशोधरा नाटकको अध्ययन विश्लेषण गरिएको छ ।

## यशोधरा नाटकको विश्लेषण

यशोधरा (२०६५) नाटक शारदा सुब्बाद्वारा लिखित नारीवादी नाटक हो । नाटककी प्रमुख पात्र बुद्ध पत्नी यशोधराको चारित्रिक विनिर्माण गरिएको छ । यसक्रममा सिद्धार्थ गौतमले सन्यास दिएपछि यशोधराले भोग्नु परेको पीडा, एक्लोपन, सन्तानप्रतिको जिम्मेवारी र त्यसले उत्पन्न मानसिक द्वन्द्वबाट उत्पन्न पीडालाई यशोधराकै माध्यमबाट प्रकट गरिएको छ । यसका साथै वर्तमान समयका नारीहरू पनि पति र परिवारबाट उत्पीडित बन्नु परिरहेको तितो यथार्थलाई अनामिका र युवती नामका पात्रका माध्यमबाट प्रस्तुत गर्दै सदियौँदेखि नारीहरूले उत्पीडनको सिकार बन्नु परिरहेको पक्षलाई नाटकमा प्रस्तुत गरिएको छ । त्यसैले प्रस्तुत नाटक नारीवादी दृष्टिले अध्ययन विश्लेषण गर्ने क्रममा नारी उत्पीडनका दृष्टिले निकै सशक्त देखिन्छ । प्रस्तुत आलेखमा यस नाटकलाई नारी उत्पीडनका सामाजिक सांस्कृतिक पक्षको अध्ययन विश्लेषण गर्ने क्रममा प्रथा प्रचलनजन्य नारी उत्पीडन र घरेलु हिंसाजन्य नारी उत्पीडनको अवधारणाका आधारमा कृतिको अध्ययन विश्लेषण गरिएको छ ।

## घरेलु हिंसाजन्य नारी उत्पीडन

घरेलु हिंसाजन्य उत्पीडन घरकै चार किल्लामा मात्र सीमित गर्नु, परिवारका सदस्य वा अन्य व्यक्तिबाट भावनात्मक चोट जस्तै अपमान, धम्की, गाली, तिरस्कार र निराशा सिर्जना आदिका माध्यमबाट पारिवारिक रूपमा कुनै कामका निम्ति नेतृत्व नदिने भान्सा र सन्तानको लालनपालन एवम् स्याहारसुसारमा मात्र सीमित पार्ने, नारीमाथि अविश्वास,

ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

समाजबाट टाढा राख्ने, मासिक धर्मसम्बन्धी कलङ्क र बन्देज सिर्जना गरी नारीको आत्मसम्मानमा चोट पुऱ्याउने किसिमका क्रियाकलाप नै नारीमाथि हुने घरेलु हिंसा हुन् । यस दृष्टिले *यशोधरा* नाटकलाई हेर्दा यो नाटक बुद्ध पत्नी यशोधरालाई बिम्ब बनाएर शीर्षकिकरण गरिएको र घरेलु हिंसाको छाया परेको नाटक हो । यस नाटकमा यशोधरा बुद्धकी पत्नी, राजदरवारकी राजकुमारी नारी भएर पनि उत्पीडनको सिकार बन्नुमा उनकै पति कारक बनेको देखाइएको छ । बुद्धले बुद्धत्व प्राप्त गर्नका निम्ति नाबालक छोरो राहुल र यशोधरालाई चटक्कै छोडेर दरबारबाट निस्किएका छन् । यसले गर्दा यशोधरा निकै दुःखी बनेकी छन् । लोग्नेको प्रेमबाट बन्चित भएकी यशोधराको भावनामाथि भएको खेलबाड अत्यन्त मर्मस्पर्शी रहेको छ भने नारी उत्पीडनको अवस्था कुनै वर्ग समुदायका नारीमाथि मात्र नभएर समग्र नारी वर्गमा भइरहेको देखिन्छ । आजभन्दा तीन हजार वर्षअघि रानी बनेकी यशोधराको यस्तो अवस्था भएदेखि वर्तमानका आधुनिक नारीहरू कुनै न कुनै रूपले उत्पीडनको सिकार बनिरहेका छन् । यस प्रसङ्गलाई केशवप्रसाद उपाध्यायलले यसरी विश्लेषण गरेका छन् -

> सुब्बाले आफ्नो प्रयोजनका लागि यशोधरालाई इतिहासका पत्रबाट झिकेर साठीको दशककी र पतिसँगै रहेकी भए पनि पतिको छलको सिकार भएकी अनामिका तथा जनयुद्धमा पति गुमाएर विधवा भएकी र परपुरुषको यौततृप्तिको साधन बनेको छापामार युवतीका साथ मञ्चमा उभ्याएर अन्तरक्रिया गराएकी छन् र यशोधराको अन्तर्मनको गुह्य खोल्न लगाएकी छन् (२०६७, पृ.१७६) ।

प्रस्तुत अभिव्यक्तिले नाटकमा प्रयुक्त नारी त्रयको उत्पीडनको अवस्था फरक भए पनि यशोधरा, अनामिका र युवती नामक नारी पात्रहरू घरेलु हिंसाजन्य नारी उत्पीडनको सिकार बनेका छन् भन्ने कुराको पुष्टि हुन्छ ।

प्रस्तुत नाटककी प्रमुख पात्र यशोधरा लोग्नेको विछोडका कारण मात्र नभएर सासूले उनलाई सम्झाउने क्रममा व्यक्त अभिव्यक्तिका कारण नारीउत्पीडनको सिकार बनेकी छन् भन्ने कुरा यसरी प्रकट गरिएको छ :

> महारानी : ... मलाई हेर यशोधरा के मेरो चित्त यत्तिबेला स्थिर होला ? मेरो छातीमा वज्रपात नभएको होला ? यत्रो सम्पन्नता, वैभव र राजसी सुखभोग त्यागेर युवराजले जङ्गल - जङ्गल हिँड्दै, गाउँ गाउँ भिक्षाटन गर्नुपर्दा मेरो मुटु कस्तो भएको होला ? जङ्गलमा बाघ, भालु होलान्, जाडो, घामपानी सबै कष्टलाई आत्मसात् गरेर युवराजले जीवनको उच्चतम् आदर्श सन्यासी जीवनलाई रोजेका छन्, बुद्धत्व प्राप्तिका लागि सांसारिक मोहत्याग गरेका छन् । तिमी युवराजको अर्धाङ्गिनी हौ, युवराजको अन्तर्आत्मामा जबसम्म तिम्रो अनुभूति रहिरहन्छ, युवराजले बोधिज्ञान प्राप्त गर्न सक्दैनन्, त्यसैले तिमीले अब युवराजप्रतिको प्रेमबाट आफूलाई मोक्ष देऊ, तिम्रो अन्तस्करणबाटै युवराजप्रतिको समर्पणलाई मेटिदेऊ । तिमी आफू युवराजको प्रेमबाट मुक्त भएर उन्मुक्तसँग हाँस यशोधरा... हाँस तिमी । तिम्रो यो उन्मुक्तिले युवराजको बोधिज्ञानको बाटो खुला गर्नेछ ( २०६५, पृ. ३५) ।

प्रस्तुत अभिव्यक्तिमा महारानी (सासूआमा) ले बुद्धत्व प्राप्त गर्न हिँडेका राजकुमारप्रतिको प्रेम त्याग्न र उन्मुक्त भई बाँच्नका निमित्त यशोधरालाई सम्झाएकी छन् । नेपालको कानुनअनुसार घरेलु हिंसालाई निकै व्यापक क्षेत्रमा विस्तार गरिएको छ । डरधाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, सांस्कृतिक प्रथा परम्पराका आधारमा भेदभाव गर्ने, रूप रङ र शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन गर्ने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य भनेर चिनाइएको छ (घरेलु हिंसा,कसुर र सजाय ऐन २०६६, पृ. २-३ ।) प्रस्तुत अभिव्यक्तिले पनि महारानीले यशोधराको पीडामा मलमपट्टी लाउन भन्दा पनि डरधाक देखाउने वा धम्की दिएको र त्रासपूर्ण व्यवहार गरी मनोविज्ञानमा खलल पुऱ्याउन खोजेको देखिन्छ । लोग्ने साथमा नभए पनि उसकै सतमा बसेर उसको प्रतीक्षामा बसेकी बुहारीलाई उच्च सम्मान गर्नुको सट्टा यशोधराको प्रेमको अनुभूति युवराजमा रहेसम्म उनले बोधीज्ञान प्राप्त गर्न नसक्ने कुरा गर्दै पति त्यागनका निम्ति गरिएको यस अभिव्यक्तिले नारीले नारीमाथि गरेको क्रुर व्यवहार प्रष्ट देखिन्छ । यस्तो व्यवहारका कारण यशोधरा सामाजिक सांस्कृतिक उत्पीडनमध्ये घरेलु हिंसाजन्य उत्पीडनको सिकार बनेकी छन् । यशोधरालाई जसरी पनि पति त्यागनका लागि सचेत गराउन सासूले दुष्टता गर्नु पितृसत्तात्मक सामाजिक संरचना नै कारक हो, जहाँ नारीको शत्रु नारीलाई बनाइन्छ र नारीनारीबीच फाटो ल्याइन्छ । 'पितृसत्ता एउटा संरचना हो, जसमा पुरुषले नारीमाथि संस्थागत रूपमा दमन गरेको हुन्छ । यस आधारमा पितृसत्ता पुरुषद्वारा मात्र सञ्चालित नभई नारीद्वारा पनि

सञ्चालित हुन्छ' (भट्टराई, २०६८ पृ.२६६) । प्रस्तुत अभिव्यक्तिले पितृसत्तात्मक सामाजिक संरचनाले समाजमा नारी र पुरुषलाई आफ्नो जिम्मेवारी प्रधान गर्दछ । जिम्मेवारी निर्वाह गर्ने क्रममा पुरुषले आफ्नो हैकम जमाएर नारीमाथि अधिकार जमाए जस्तै नारीले नारीमाथि दमनकारी भूमिकाका लागि अधिकार दिएको छ । त्यसैले उच्च ओदाहामा रहेको नारीले अन्य नारीलाई, सासूले बुहारीलाई वा नन्द आमाजूले भाउजू बुहारीमाथि अर्थात् नारीले नारीमाथि घरेलु हिंसा गरिरहेका हुन्छन् । यसैक्रममा यशोधरा आफ्नै सासूबाट उत्पीडित बनेकी छ । यहाँ नारीले नै नारीको भावनामा आँच पुऱ्याएर नारीमाथि अन्याय गरिएको देखिन्छ । एकातिर पतिबाट वियोग हुनुपरेको अवस्था छ भने अर्कातिर सासूआमाले यशोधरालाई युवराजलाई पूर्ण रूपमा त्यागेर उन्मुक्त भएर हिँड्ने सल्लाह दिएकी छन् ।

प्रस्तुत नाटकमा महारानीबाट मात्र यशोधरा पीडित बनाइएकी पात्र होइन । उनी आफैले बुद्ध पत्नी भएर पनि अस्तित्व नभएकी कमजोर नारी पात्रकी रूपमा आफूलाई महसुस गरेको अभिव्यक्ति यस्तो रहेको छ :

यशोधरा : हो म पनि,
संसारभरिका मानवजातिका लागि शान्ति खोज्न हिँडेका महान् पुरुषकी अर्धाङ्गिनी हुँ... ।
मेरो वर्णन तिनै पुरुषको महानतामा गएर टुङ्गिन्छ ।
मेरो संसार
मेरो सन्तानको गौरवबाट सुरु भएर तिनै पुरुषको आकाशमा गएर ठोकिन्छ र मेरो अस्तित्व,
तिनै पुरुषको छायामा गएर बिलाउँछ,
हो म,
तिनै इतिहासका
सधैँ सुनौला अक्षरहरूमा लेखिने
महानताको गाथाको प्रतिच्छाया हुँ ( २०६५, पृ.५८) ।

प्रस्तुत अभिव्यक्तिले यशोधरा पनि शान्ति खोज्न हिँडेका बुद्धको सतित्वलाई जोगाउने निहुँमा उत्पीडित बनेकी छन् भन्ने देखिन्छ । 'यस नाटकमा शारदाले आदिम पीडालाई ल्याएर वर्तमानले भोगेको उत्पीडनसँग मिसाएकी छन्' (भट्टराई, २०६५, भूमिकाबाट) । प्रस्तुत अभिव्यक्तिमा बोधीज्ञान प्राप्त गर्न हिँडेका बुद्धकी पत्नी यशोधरा हुन् वा वर्तमान अवस्थामा धन कमाउन विदेसिएका युवकका पत्नीहरू हुन्, उनीहरूको जीवन भोगाइको मार्मिक प्रस्तुतिका साथै पतिसँग विछोडिनु पर्दा उनीहरूले भोग्नुपरेको घरेलु हिंसाजन्य उत्पीडनलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । यस प्रसङ्गले सदियौँदेखि वर्तमान समयसम्म नारीहरू दमित र उत्पीडित हुनुमा पुरुष हैकम मात्र नभएर नारीले नारीमाथि गर्ने व्यवहार पनि कारक बन्न पुगेको देखिन्छ ।

**प्रथा-प्रचलनजन्य उत्पीडन**

पितृसत्ता प्राकृतिक नभए तापनि सांस्कृतिक मूल्यका बलमा प्राकृतिक जस्तै भएर लामो समयदेखि चलिरहेको हुन्छ । *यशोधरा* नाटकमा बुद्धपत्नी यशोधरादेखि वर्तमान युगसम्मका नारीहरू सामाजिक सांस्कृतिक उत्पीडनको सिकार भएका छन् । यसक्रममा समाजमा लामो समयदेखि चल्दै आएका परम्परा, रीतिरिवाज, संस्कार र प्रथाहरूका नाममा नारीमाथि हुने भेदभाव, दमन, शोषण र अधिकार हननको अवस्था प्रथाप्रचलनजन्य उत्पीडनअन्तर्गत पर्दछ । पितृसत्तात्मक सामाजिक संरचनाभित्र सामाजिक दबाबका कारण नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यहार गरिनु, परम्परादेखि नारीको श्रमप्रतिको मूल्यबोध नगर्नु, स्वतन्त्रता र समानतापूर्ण व्यवहार नहुनु प्रथाप्रचलनजन्य उत्पीडनकै अवस्था हो । यस्ता असमान व्यवहारहरूले नारीहरू सदियौँदेखि उत्पीडित बनेका छन् भन्ने वास्तविकता यशोधरा नाटकमा प्रयुक्त अनादिकालीन नारी पात्रको प्रतिनिधित्व गरेकी यशोधरा र वर्तमान युगकी अनामिका नामकी नारी पात्रका माध्यमबाट यसरी प्रकट भएको छ :

अनामिका : आखिर हाम्रो र तिम्रो नियतिमा के फरक छ र ?
फगत फरक भनेको समय मात्रै हो
उस्तै आँसु, उस्ती पीडा,
जीवनप्रतिको उस्तै दृष्टि

ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

समयले कोल्टे फेर्दैमा के हुँदो रहेछ र ?
यशोधरा : हो,
म समयको साक्षी भएर इतिहासमा उभिएकी छु,
सबै उस्तै छन्, सबै उस्तै...
मात्र समयले कोल्टे फेरेको छ ।
यो समयको कोल्टे फेराइमा
मात्र हाम्रा जीवन बाँच्ने शैली फरक भएका छन् (२०६५,पृ. ५८-५९) ।

प्रस्तुत अभिव्यक्तिमा नारीहरू उत्पीडित हुनु कुनै एकका लागि एक समयका लागि हुने उत्पीडन मात्र नभएर युगौँयुगदेखि सबै नारी जातिकै नियतिकै रूपमा विकसित भएको घटनाले प्रथा-प्रचलनजन्य उत्पीडनको उद्घाटन गरेको देखिन्छ । नारीले सदियौँदेखि वर्तमान समयमा आइपुग्दासम्म पनि अधीनस्थ बनिरहँदा पनि आफ्नो भाग्यलाई दोष दिँदै आत्मस्वीकार गर्नुका साथै आफ्ना छोरीबुहारीलाई पनि पुरुषको अधीनमा बस्न प्रेरित गर्ने सामाजिक संरचनाले नारीहरू उत्पीडनको सिकार बनिरहेको सन्दर्भमा भद्राले यसो भनेकी छन् :

अधीनीकरण शब्दले कसैको अधीनमा रहेको र अधीनमा रहनेले उक्त अवस्थालाई आत्मस्वीकार गरेको भन्ने बुझाउँछ । लैङ्गिक अधीनीकरणको कारण एउटी महिला छोरीको रूपमा, श्रीमतीको रूपमा र आमाको रूपमा पुरुषको अधीनमा हुन्छिन् तर उनी उक्त अवस्थालाई आफ्नो कर्तव्य वा भाग्य भनेर स्विकारेर बसेकी हुन्छिन् । पुरुषप्रधान समाजमा प्रायः महिलाहरू घर परिवार, समाज समुदाय तथा राज्यमा समेत आफ्नो दोस्रो दर्जाको स्थितिलाई सहज स्वीकार्ने, दुःख पाए भाग्यलाई दोष दिने र वयस्क र वृद्धा अवस्थामा पनि आफ्ना छोरी बुहारीहरूलाई पनि पुरुषको अधीनमा बस्न प्रेरित गर्ने वा बाध्य पार्ने गर्दछन् (भद्रा, २०७८, पृ. १७-१८) ।

भद्राको प्रस्तुत अभिव्यक्तिले महिला उत्पीडनका लागि सदियौँदेखि प्रचलित सामाजिक र सांस्कृतिक प्रयासको अवस्थालाई सङ्केत गरेको छ । पुरुषले आफूलाई प्रभुत्वशाली बनाएर नारी अधीनस्थका लागि गरेको प्रयास नै नारी उत्पीडनको सफल प्रयास भएको देखिन्छ । यसले नारीहरूले आफू उत्पीडित बन्नु पर्दा समाजलाई दोष दिनु भन्दा आफ्नो भाग्य वा नियतिलाई दोष दिने गर्दछन् । यसरी सामाजिक संरचनाले नारीलाई आफूमाथि अन्याय कसरी भएको छ भन्ने पक्षमा आफैलाई दोषी बनाइदिएको अवस्था छ भने नारी स्वयम्ले नारीलाई नै अधीनस्थ बनाइरहेको अवस्था पनि प्रचलनजन्य रूपमा व्याप्त रहेको पुष्टि गरेको छ ।

प्रस्तुत अभिव्यक्तिले पुरुषले जबरजस्ती नारीलाई उत्पीडित बनाएको देखिँदैन । पुरुषप्रधान सामाजिक व्यवस्था नै त्यस्तो किसिमको छ, जहाँ नारी स्वयम् यस्तो उत्पीडनकारी व्यवस्थालाई स्वीकारी भावी पुस्तालाई त्यसको अनुरकण गर्न पनि सिकाउँछन् । यो भोगाइ प्राकृतिक नभए पनि प्राकृतिक जस्तो बनाएर प्रथाप्रचलनजन्य उत्पीडनको रूपमा देखाइएको छ ।

यशोधरा नाटकलाई युवती नामक पात्रले यशोधरासँग उनको पतिभक्तिप्रति विद्रोही भाव प्रकट गर्दा यशोधराले आफू चाहिँ सीमा नाघेर विद्रोह गर्न नसकेको अभिव्यक्तिले पनि प्रथाप्रचजनलजन्य नारी उत्पीडनका सन्दर्भमा परम्परा र संस्कारका नाममा नारीहरू सदियौँदेखि उत्पीडनको सिकार बनेको अवस्थालाई यसरी प्रकट गरेको देखिन्छ :

यशोधरा : (भावुक र विवश देखिन्छिन्)
म त जीवन बाँच्नलाई
तिमीहरूले जस्तो कुनै उपक्रमहरू पनि खोज्न सक्दिनँ ।
किनभने,
म बुद्धपत्नी हुँ ।
(मौनतापछि केही शङ्का)
तर,
तिमी पनि यसरी
आफ्नो यो आँटप्रति कतिन्जेल अडिग रहन सकौली र ?
मलाई शङ्का लाग्छ,

ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

आखिर समय मात्रै फेरिएको छ,
खै ! हाम्रा नियतिहरू उस्तै छन् ।
विगतदेखि वर्तमानसम्म म त उस्तै देख्छु,
किनभने
म समयकी साक्षी हुँ
त्यो युगदेखि यो युगसम्मको ।
यी जोडा आँखाहरूमा रूपान्तरण भएर
मैले सबै सत्यलाई देख्दै आइरहेकी छु (२०६५, पृ. ६०)।

प्रस्तुत अभिव्यक्तिले हिजो बुद्धकालकी यशोधरा मात्र नारी उत्पीडनको सिकार बनेकी छैन, आजका नारी पनि उही उत्पीडनमा छन् भन्ने देखिन्छ। युगौँदेखि तमाम युगका नारीहरूको स्थिति उस्तै रहेको देखिन्छ। यशोधरा नाटकमा प्रस्तुत पात्रबिम्बका आधारमा नारीहरू विभिन्न किसिमले उत्पीडित भएका छन्। नाटककी नायिका यशोधरा बुद्ध पत्नी हुन् यद्यपि उनी सबैभन्दा बढी पीडित पात्र हुन्। विश्वमै बुद्धलाई महामानव मानिन्छ। उनको जयजयकार हुन्छ तर उनकी पत्नी यशोधरा उत्पीडित बन्नु परिरहेको छ। यस्तो अवस्था सिर्जना हुनुमा छोराप्रतिको अत्यधिक प्रेम र नारीमाथि सामाजिक सांस्कृतिक दमन हाबी भएको देखिन्छ। यस्तो परिस्थिति सिर्जना हुनुमा पितृसत्तात्मक सामाजिक संरचनाले नारीले नारीमाथि दमन गर्ने अधिकार पनि दिएका कारण परम्परादेखि नै यस्तो प्रचलन प्राकृतिक जस्तै बनिरहेको छ भन्ने सन्दर्भमा भद्राको धारणा उल्लेख्य देखिन्छ :

आजका आमाले अर्को पुस्तालाई लैङ्गिक अधीनीकरणलाई स्वीकार्न उत्प्रेरणा गर्ने वा बाध्य बनाउने गर्दछन्। जसले गर्दा पितृसत्ता वास्तवमा प्राकृतिक नभए तापनि प्राकृतिक जस्तै भएर लामो समयदेखि चलिरहेको छ (२०७८, पृ. १८)।

प्रस्तुत अभिव्यक्तिले नारीका शत्रु नारी नै बनाएर पनि पितृसत्तात्मक सामाजिक संरचनाले परम्परादेखि वर्तमानसम्म पनि नारीलाई अधीनस्थ बनाइरहेको अवस्था देखिन्छ। त्यसैले नारी उत्पीडित बन्नुमा पुरुष प्रभुत्व र उसकै आडमा रहेका अधिकार प्राप्त नारी प्रभुत्व पनि कारक बनेको हुन्छ। यसै सन्दर्भमा *यशोधरा* नाटकमा प्रयुक्त तिनै नारी स्वरबाट व्यक्त अभिव्यक्ति यस्तो रहेको छ : सबै एक स्वरमा : .... मुकुण्डोधारण गरेर शान्त र सौम्य जीवन बाँचिरहनु पर्छ। इतिहासदेखि वर्तमानसम्मको हाम्रो नियति यही हो.... यही हो, हो यही हो... बस् यही हो, किनभने हामी अक्षरहरू हौँ... हो अक्षरहरू हौँ (२०६५, पृ. ६१)। प्रस्तुत अभिव्यक्तिले युगौँ युगदेखि वर्तमान समयसम्म पनि नारीहरू पुरुषको नामसँगै जोडिएर सुनाम वा बदनामको उपाधि पाएर इतिहासका सुनौला अक्षर वा अक्षरभित्रै रङ हराएर लिपिबद्ध भएका नारी पात्रहरूको पीडाबोधलाई प्रकट गरेको छ। यी नारी पात्रहरू घरायसी रूपमा र सामाजिक संरचनाको जञ्जालमा परेर उत्पीडनको सिकार बनेका छन्। त्यसैले यी नारी पात्रहरू सामाजिक सांस्कृतिक रूपमा उत्पीडित बन्ने क्रममा घरेलु हिंसाजन्य उत्पीडन र प्रथाप्रचलनजन्य उत्पीडनको सिकार बनिरहेका छन् भन्ने पुष्टि गरेको छ।

## निष्कर्ष

*यशोधरा* नाटक शारदा सुब्बाद्वारा लिखित नारीवादी सामाजिक सांस्कृतिक नारी उत्पीडनलाई प्रतिनिधित्व गर्ने नाटक हो। यस नाटकलाई नारीवादी नारी उत्पीडनका कोणबाट अध्ययन विश्लेषण गर्दा सामाजिक सांस्कृतिक उत्पीडनका दृष्टिले अध्ययनीय रहेको देखिन्छ। घरेलुहिंसाजन्य उत्पीडन र प्रथा-प्रचलनजन्य उत्पीडनका दृष्टिले उल्लेख्य देखिन्छ। पितृसत्तात्मक सामाजिक संरचनाले यशोधराको पति वियोगको अवस्थालाई प्रवाह नगरी बोधीज्ञान प्राप्तिका लागि हिँडेका बुद्धप्रति जयजयकार गरियो तर नाबालक छोरोका साथ वर्षौंदेखि पतिवियोगमा छट्पटाइरहेकी नारी यशोधराको शारीरिक, मानसिक र भावनात्मक उत्पीडनबोध कसैले पर्बाह गरेन भन्ने पक्षलाई देखाइएको छ। ऊभित्रको पतिभक्तित्वलाई नडग्मगाइ बस्न र पतिप्रतिको प्रेम पनि पूर्ण रूपमा त्याग्नका लागि उसलाई आग्रहले हिंसात्मक अवस्थामा प्रथाप्रचलनजन्य उत्पीडनलाई गहन रूपमा प्रकटीकरण गरिएको छ। त्यसैगरी अनामिका र युवती नामका वर्तमान युगका नारी पात्रका माध्यमबाट आजका नारीहरू पनि सामाजिक सांस्कृतिक उत्पीडनको अवस्थामा रहेको पुष्टि भएको छ। अनामिका अभयकी पत्नी हो यद्यपि ऊ पतिको छलमा परेकी पीडित नारी पात्र हो। उसले पतिबाट यौन हिंसा मात्र सहनु परेको र

आफ्नो हृदयको अन्तस्करण भरिने गरी पतिलाई स्पर्श गरेर सच्चा प्रेम पतिबाट पाउन नसकेको अभिव्यक्तिले यौनजन्य उत्पीडनलाई बोध गरेको छ यद्यपि यो अवस्थालाई सामाजिक सांस्कृतिक उत्पीडनको दृष्टिले अनामिका पति पीडित नारी हो । उसमाथि हुने दमन, शोषण र उसको स्वतन्त्रता र हक-अधिकारमाथि रोक लगाइएको देखिन्छ । त्यसैले ऊ लामो समयदेखि पतिको उत्पीडत सहेर बस्न विवश नारी हो । उसलाई प्रायः सबै नारीको विवशता देखाउने प्रतिनिधि पात्रका रूपमा उभ्याइएको छ। त्यस्तै युवती नामक पात्रले पनि नारीका उत्पीडनजन्य अवस्थालाई नियति हो भन्दै स्वीकार्न बाध्य भएकी छ। यी सबैको बाध्यात्मक अवस्था सामाजिक सांस्कृतिक उत्पीडनको अवस्था हो । सदियौँदेखि रानीदेखि सामान्य नारी पात्रहरूको प्रतिनिधित्व हुने गरी प्रायः सबै नारी चरित्र सामाजिक सांस्कृतिक हिंसाको सिकार बनिरहेको अवस्था नाटकका देखिएको हुँदा नारी उत्पीडनका दृष्टिले यस नाटकको आवाज सशक्त रहेको देखिन्छ।

➢ विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक आभार व्यक्त गर्दछु।

**सन्दर्भसामग्री सूची**

आचार्य, बलराम (२०६१), *लैङ्गिक अध्ययन.* काठमाडौँ : नेसनल बुक सेन्टर ।
उपाध्याय, केशवप्रसाद (२०६७). *नेपाली एकाङ्की र एकाङ्कीकार.* ललितपुर : साझा प्रकाशन ।
नेपाल सरकार. (२०६६). *घरेलु हिंसा (कसुर र सजाय) ऐन.* काठमाडौँ : नेपाल सरकार ।
बुभायर, सिमोन द (सन् १९४९). *द सेकेन्ड सेक्स.* रमेश सुनुवार (अनु.). काठमाडौँ : प्रगति पुस्तक सदन । (२०७५)
भट्टराई, गोविन्दराज (२०६५). 'नवर्लेखन र पुनर्लेखनको उत्कृष्ट संयोजन यशोधराभित्र नारी अस्मिताको आदिम प्रतिध्वनि'. *यशोधरा.* शारदा सुब्बा (ले). काठमाडौँ : मोडर्न बुक्स ।
भट्टराई, रमेशप्रसाद (२०६८). 'लैङ्गिक समालोचना' (पृ. २५९-२७३). *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड). राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). काठमाडौँ : रत्न पुस्तक भण्डार ।
भद्रा, चन्द्रा (२०७८). *लैङ्गिक अध्ययन* (सम्पा). काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।
भासिन, कमला (सन् २०१४). *पितृसत्ता के हो ?.* (चौथो संस्क). काठमाडौँ : स्त्री शक्ति प्रकाशन ।
सुब्बा, शारदा (२०६५). *यशोधरा.* काठमाडौँ : मोडर्न बुक्स ।
Lorber, J. (2005). *Gender inequality: Feminist theories and politics* (3rd ed.). Roxbury Publishing Company.
Mark,k.&Engels,F. (1998). *The Communist Manifesto*. London: Penguin Classics.
Menon,N.(2012).*seeing La Feminist.* London: Penguin.